संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६६ मङ्सिर १९**

---

## उच्चायुक्तको कार्यालयद्वारा पत्रकार वीरेन्द्र साहका आशङ्कित हत्याराहरूको बढुवाप्रति चिन्ता व्यक्त

काठमाडौं, मङ्सिर १९

उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का विदेश विभाग प्रमुख कृष्णबहादुर महरासँग आज एक भेटमा पत्रकार वीरेन्द्र साहको हत्याका शङ्कितहरूलाई कथित रूपमा गरिएको बढुवा - नेपाल पत्रकार महासङ्घद्वारा भर्त्सना गरिएको - प्रति चिन्ता व्यक्त गर्नुभयो।

यस कार्यालयले पटकपटक आह्वान र चासो व्यक्त गरे पनि एनेकपा (माओवादी)ले हत्यामा संलग्न भएको आरोप लागेका र जाहेरी दर्खास्तमा नाम लिइएका चारजनामध्ये लालबहादुर चौधरी र कुन्दन फौजदारलाई सो दलको बारा जिल्ला समितिको सचिवालय सदस्य पदमा कथित रूपमा बढुवा गरेको छ।

"मैले वीरेन्द्र साहको घटनाबारे एनेकपा (माओवादी)को नेतृत्वसँग पहिले चासो व्यक्त गर्दा मलाई आरोपितहरू पार्टीमा नरहेको आश्वासन दिइएको थियो। पक्राउका लागि वारेन्ट जारी गरिएका दुईजना आरोपित कार्यकर्ताहरूलाई दलभित्र बढुवा गरेको थाहा पाउँदा मलाई दु;ख लागेको छ। श्री महराले दलको नेतृत्वले यस विषयमा छानबिन गरिरहेको कुरा मलाई जानकारी दिनुभएको छ र म मानवअधिकारको सम्मान गर्ने सो दलको प्रतिबद्धताअनुरूपको स्पष्ट जवाफ उहाँबाट आउने प्रतीक्षामा छु", रिचर्ड बेनेटले भन्नुभयो।

**For further information contact Chun Gurung, tel: 4280164, ext 320;**
**98510 16937 (mobile), cgurung@ohchr.org**
**Website: http://nepal.ohchr.org**